**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 22.06.2025**

**IEC Campaign**

सामाजिक न्याय विभागसितको तत्वावधानमा सोरेङ सामुदायिक स्वास्थ्य एवं कल्याण केन्द्रले हिजो सूचना, शिक्षा तथा सञ्चार (IEC) अभियान पालन गऱ्यो। जनजाति गाउँको रूपमा पहिचान गरिएको अनि आकांक्षी खण्डभित्र पर्ने चुमबुङ ग्राम पञ्चायत एकाईमा पालन गरिएको अभियानमा चुमबुङका खण्ड विकास अधिकारी RK गुरूङ मुख्य अतिथि हुनुहुन्थ्यो।

GPU-का वरिष्ठ नागरिक, विद्यार्थी, ग्रामवासी, बिरामी लगायत अन्यको सहभागिता रहेको कार्यक्रममा नयाँ आधारकार्डका निम्ति नाम दर्ता गरियो। यस अवसरमा लाभार्थीहरूलाई PM-अजय कार्ड प्रदान गरिनका साथै मानसिक स्वास्थ्य विषयमा परामर्श दिइयो अनि क्षयरोग र नसर्ने रोगको जाँच पनि गरियो। मानिसहरूलाई कार्यक्रममा विभिन्न सामाजिक कल्याण योजना र केन्द्रिय छात्रवृत्ति अनि किसान क्रेडिट कार्डबारे जागरूक गराइयो।

---------------------------------------X---------------------------------------

- **Consecration Ceremony**

गान्तोक जिल्लाको राकदोङमा नवनिर्मित दोङछेन तेञ्जुङ गुम्पाकको प्रतिष्ठापन समारोह आज सम्पन्न भयो। सिप रिम्पोछेको विशेष उपस्थितिमा सम्पन्न समारोहमा राजकुमार ग्युर्मेद नामग्याल र विधायक सामडुप छिरिङ भोटिया हुनुहुन्थ्यो।

---------------------------------------X---------------------------------------

- **Glacial Hazard**

हिमनदी जोखिम सम्बन्धी सिक्किम आयोगको एउटा टोलीले हिजो मुख्यमन्त्री प्रेमसिंह तामाङसित उहाँको सरकारी निवास मिन्तोकगाङमा भेट गर्दै हिमनदी ताल विस्फोट बाढी (GLOF) लगायत हिमनदीबाट हुने आपदाको जोखिम न्यूनीकरण गर्न राज्यको जारी प्रयास सम्बन्धमा रहेको विस्तृत प्रगति प्रतिवेदन र प्रारम्भिक नीतिगत मार्गचित्र प्रस्तुत गऱ्यो।

गत वर्षको सितम्बर महिनामा बसेको क्याबिनेटको निर्णयपछि गठित आयोगका अध्यक्ष प्रख्यात मौसम वैज्ञानिक तथा विज्ञान एवं प्रौग्योगिकीका पूर्व वरिष्ठ सल्लाहकार डाक्टर अखिलेश गुप्ताको नेतृत्वमा रहेको टोलीमा भारत भरिका विज्ञहरू समावेश छन्। यस निकायलाई हिमनदीबाट हुने जोखिमको मूल्याङ्कन गर्ने, वैज्ञानिक तथ्याङ्कको समीक्षा गर्ने र सिक्किमका जोखिममा रहेका हिमाली समुदायहरूको सुरक्षाका लागि कार्ययोग्य रणनीति तयार गर्ने जिम्मेवारी दिइएको छ।

भेट अवधि टोलीले मुख्यमन्त्रीलाई बहुआयामिक दृष्टिकोणबारे जानकारी गरायो, जसमा अहिलेसम्म गरिएको उच्च-स्तरीय बैठक, क्षेत्रको व्यापक मूल्याङ्कन र स्थानीय समुदाय, वैज्ञानिक संस्था र सरकारी निकायसितको व्यापक परामर्श समावेश छ।

मुख्यमन्त्री श्री तामाङले आयोगको वैज्ञानिक दृढ़ता र समावेशी दृष्टिकोणको सराहना गर्नुभयो। उहाँले यस अवधि यो पनि भन्नुभयो कि हामीले अपनाएको सिफारिशबाट हाम्रो राज्यको वास्तविकता र राज्यवासीको आवाज प्रतिबिम्बित भएको हुन आवश्यक छ। श्री तामाङले भन्नुभयो, हाम्रा समुदायहरूको सुरक्षाका निम्ति यी उपायहरू कार्यान्वयन गर्न सिक्किम सरकार पूर्ण रूपमा प्रतिबद्ध छ।

---------------------------------------X---------------------------------------

- **CM**

सिक्किम र दार्जीलिङका निम्ति राष्ट्रिय क्याडेट कोर (NCC)-का Group Commander ब्रिगेडियर मुकेश गुरूङले आज बिहान मुख्यमन्त्री प्रेमसिंह तामाङसित उहाँको सरकारी निवास मिन्तोकगाङमा भेट गर्नुभयो। यस अवसरमा मुख्यमन्त्री र ब्रिगेडियरमाझ भएको चर्चा राज्यमा NCC-को भविष्य विस्तार र यस कार्यक्रमअन्तर्गत युवा सहभागितालाई सुदृढ पार्न गरिएका विभिन्न पहलहरूबारे केन्द्रित रह्यो। उहाँहरूले सिक्किमका युवाहरूलाई NCC-मा संलग्न हुन, अनुशासन र नेतृत्वलाई बढावा दिन तथा उनीहरूको भविष्यको व्यावसायिक र रोजगारीका सम्भावना बढाउन थप प्रेरित र सहयोगका उपायबारे पनि चर्चा गर्नुभयो।

यसैक्रममा राष्ट्रिय जलविद्युत निगम (NHPC)-सित सम्बन्धित मामिलाहरूलाई सम्बोधन गर्न राज्य सरकारका समन्वयकको रूपमा हालै नियुक्त हुनुभएका पवन परसाईले पनि मुख्यमन्त्री श्री तामाङसित भेट गर्नुभयो। मुख्यमन्त्रीले श्री परसाईलाई बधाई दिँदै यस महत्त्वपूर्ण भूमिकामाथि उत्कृष्ट प्रदर्शन गर्ने उहाँको क्षमतामा विश्वास व्यक्त गर्नुभएको छ।

---------------------------------------X---------------------------------------

- **EPFO**

कर्मचारी भविष्य निधि संगठनले यस वर्ष अप्रेलमा उन्नाइस लाखभन्दा अधिक नयाँ सदस्य जोडेको छ। यो गत महिनाको तुलनामा एकतीस दशमलौ तीन-एक प्रतिशतको बढोत्तरी हो। श्रम तथा रोजगार मन्त्रालयकाअनुसार नयाँ सदस्यतहरूमा दुई लाखभन्दा अधिक महिलाहरू छन्।

---------------------------------------X---------------------------------------

- **Sports**

सिक्किम भेट्रन टेबल टेनिस संगठनले यसै महिनाको अट्ठाइस र उन्तीस तारिक सिक्किम भेट्रन खुल्ला तथा U-15 र U-17 टेबल टेनिस च्याम्पियनशीप २०२५ आयोजन गर्ने भएको छ। सुनौलो, समृद्ध र समर्थ सिक्किमको विषयमा पाल्जोर स्टेडियमको इन्डोर जिमनाजियममा सम्पन्न हुने प्रतियोगिता सिक्किम राज्य गठनको पचास वर्षगाँठ समारोहको एक भाग हो।

पत्रकार सम्मेपनलाई आज सम्बोधन गर्दै संगठनका अध्यक्ष BB सुब्बाले संगठन च्याम्पियनसित आयोजन गर्न पूर्ण रूपमा तयार भइसकेको बताउनुभयो। श्री सुब्बाकाअनुसार च्याम्पियनशीपमा अन्य वर्ग बाहेक राज्यमा प्रथमपल्ट शिक्षकहरूको एकल र जोड़ी वर्गको छुट्टै प्रतिस्पर्धा समावेश गरिएको छ।
प्रतियोगितामा चालीस, पचास र पैंषट वर्षमाथिका पुरूष तथा महिला वर्गको एकल र जोड़ी अनि भेट्रन मिस्रित जोड़ीको प्रतिस्पर्धा रहनेछ। यसैगरी प्रतियोगिताको खुल्ला वर्गमा पुरूष र महिलाको एकल र जोड़ी अनि पन्द्र र सत्र वर्ष मुनिका ठिटा-ठिटिको एकल र जोड़ी प्रतिस्पर्धा रहनेछ।

---------------------------------------X---------------------------------------

- **Weather**

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्टअनुसार वितेको चौबीस घण्टामा गान्तोक वरपरको अधिकतम तापमान छब्बीस दसमलौ एक डिग्री सेलसीयस अनि न्युनतम सत्र दसमलौ नौं डिग्री सेल्सीयस रेकर्ड गरियो। भोली आकासमा बादल छाउनका साथै भारी वर्षाहुने सम्भावना छ। गान्तोक तथा वरपर भोली अधिकतम तापमान चौबीस अनि न्यूनतम अठार डिग्री सेलसीयस रहनेछ।

----------------------------------------X----------------------------------------